नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
घोराही, दाङ

कार्यालय : ०८२-५६०१३३
☎ : ०८२-५६००२८
फ्याक्स : ०८२-५६०४६६
आवास : ०८२-५६००२९

प.स. : २०७४।७५ मिति : २०७५।०३।१८

च.नं. ६४२८

बिषय : बाढी प्रतिकार्यका लागी पूर्वतयारी अवस्थामा रहने सम्वन्धमा ।

सबै स्थानीय तह, सुरक्षा निकाय, बिषय क्षेत्रगत निकायहरु,सञ्चार माध्यम,संघ,संस्था सबै ।

प्रस्तुत बिषयमा यस बर्षको मनसुन शुरु भैसकेको सबैमा जानकारी नै छ तसर्थ आषाढ १७ गतेदेखिको निरन्तर बर्षातका कारण जिल्लाका बबई र राप्ती नदि तथा अन्य सहायक खोलाहरुमा पानीको वहाव बृद्धि भईरहेको छ । जल तथा मौषम बिज्ञान बिभागको सुचना अनुसार बर्षा हुने क्रम अझ केहि दिन रहने र निरन्तरको पानीका कारण बाढी आउनसक्ने चेतावनी पनि सुचित गरिरहेको छ । दाङ जिल्ला लगायत माथिल्लो तटिय क्षेत्रमा समेत निरन्तर पानी पर्ने क्रम जारी रहेकोले बाढी आउन सक्ने अवस्थालाई मध्येनजर गरी सबै सरोकारवाला निकायहरुले प्रतिकार्यका लागी निम्नानुसार तयारी अवस्थामा रहनुहुन जिल्ला बिपद व्यवस्थापन समिति अनुरोध गर्दछ ।

१. बाढी तथा बर्षातको पूर्वानुमान जल तथा मौषम बिज्ञान बिभागको वेभसाईड : http://www.hydrology.gov.np बाट निरन्तर जानकारी लिनुहुन साथै जिल्ला प्रशासन कार्यालय, जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रबाट समेत जानकारी र सुचना प्राप्त गर्न सकिनेछ । जिल्ला आपत्कालीन कार्यसंचालन केन्द्रको फोन नं. ०८२५६३५४०,९८४२८५७९९१

२. खोज उद्धारका लागी सबै सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटीका स्वयंसेवकहरु सबैमा आ-आफ्नो निकायसँग रहेका खोज उद्धारका सामाग्रीहरु सहित तयार रहने । सबै बिषय क्षेत्रगत नेतृत्व गर्ने निकायहरुले प्रतिकार्यका लागी तयारी अवस्थामा रहने ।

३. सबै स्थानीय तहहरुलाई बाढी प्रभावित क्षेत्रहरुमा रहेका जनसंख्यालाई तत्काल सुरक्षित स्थानमा स्थाननन्तरणको व्यवस्थाका लागी तयारी गर्नुहुन अनुरोध छ । साथै प्रभावित जनसंख्यालाई तयारी खानाको पनि व्यवस्थापन गर्नुहुन ।

४. राप्ती नदिमा पानीको वहाव बारे जानकारी लिन जलमापन केन्द्र बागासोती राप्ती गापा खड्ग वहादुर रावत, ९८६८६१३८०३,९८०६२१७५३८ र अर्घाखाँचीको जलुकेको जलमापन केन्द्र सुमित्रा रखाल ९८१७५८१३५० मा सम्पर्क गरि निरन्तर जानकारी लिई जोखियुक्त समुददायमा समेत सुचना प्रवाह गर्नुहुन ।

५. नदि तटिय क्षेत्रमा बसोबास गर्ने समुदायहरुलाई सुरक्षित स्थानमा बस्नहुन समेत अनुरोध छ ।

६. पत्रकार महासंघ लगायत सबै सञ्चार माध्यमहरुलाई मनसुन तथा बाढीका सुचना जनहितमा जारी गरिदिनुहुन ।

३।१८

गणेश प्रसाद आचार्य
सहायक प्रमुख जिल्ला अधिकारी